नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(आर्थिक प्रशासन शाखा)

सिंहदरबार, काठमाण्डौ

सम्पर्क नं. ०१-४२११२०२

पत्र संख्या :०७५/०७६ (आ.प्र.)

च.नं. :

अत्यन्त जरुरी

मितिः २०७५/०४/०३

**विषयः आ.व ०७५/०७६ को लागि कार्यालयकोड कायम गर्ने।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल, सिंहदरवार, त्रिपुरेश्वर, लैनचौर, सुन्धारा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

दोलखा, लमजुङ्ग, म्याग्दी, सिन्धुपाल्चोक, चितवन, अर्घाखाँची, गोरखा, तनहुँ, नवलपरासी, नुवाकोट, खोटाङ, भोजपुर, रसुवा, स्याङजा, धनकुटा, धादिङ्ग, पाल्पा, संखुवासभा, काभ्रेपलाञ्चोक, बाग्लुङ, रामेछाप, गुल्मी, भक्तपुर, सोलुखुम्बु, ओखलढुङ्गा, कास्की, सिन्धुली, पर्वत, ललितपुर, मकवानपुर।

प्रस्तुत विषयमा आ.व. ०७४/०७५ सम्म भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माणको कामको प्रयोजनका लागि साबिकका जिल्ला स्थित जिल्ला आयोजना कार्यान्वयन इकाई र केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय अन्तर्गत रहने गरी कार्यालयकोड कायम भै बजेट निकासा खर्च भै रहेको विदितै छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७४/१२/२० को निर्णयानुसार संगठन संरचना पुनर्संरचना भै सवै केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु र जिल्ला आयोजना कार्यान्वयन इकाईहरु राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत ल्याइएता पनि आ.व. ०७४/०७५ को स्वीकृत कार्यक्रम तथा अख्तियारीलाई सो आ.व. को बाँकी अवधि (२०७४/१२/२० देखी २०७५/०३/३२ सम्म) को लागि मात्र साबिक कार्यालयकोडमा नै कारोवार गर्ने गरी यस प्राधिकरणबाट मिति २०७५/०१/१९ को पत्र द्वारा अनुरोध गरिएको थियो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत रहेका जिल्ला समन्वय समितिको सचिवालयहरु समेत पुनर्संरचनाबाट जिल्ला आयोजना कार्यान्वयन इकाई अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधारमा समाहित भएको व्यहोरा समेत अनुरोध छ।

चालु आ.व. ०७५/०७६ को बजेट कार्यान्वयन गर्ने सन्दर्भमा पुनर्संरचनाबाट कायम भएका केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार), केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) र जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार), जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) हरु लाई प्राधिकरण अन्तर्गतको कार्यालयकोड कायम गरी बजेट कार्यान्वयन गरी दिनुहुन अनुरोध छ। यस आ.व. का कार्यक्रमहरु संचालन गर्न सोही अनुसार LMBIS मा बजेट तथा कार्यक्रम प्रविष्टी भएको व्यहोरा समेत अनुरोध छ। सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयकोड कायम गरी यस प्राधिकरणमा जानकारी गराए पछी LMBIS मा कार्यालयकोड समावेश गरिने व्यहोरा समेत निर्णयानुसार अनुरोध छ।

कमान सिंह खत्री

उप-सचिव(लेखा)

**बोधार्थ**

श्री अर्थ मन्त्रालय, बजट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं।

श्री महालेखा नियन्त्रक कार्यालय, कोष प्रशासन महाशाखाः जानकारीको लागि अनुरोध छ।

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई, (शिक्षा), ज्ञानेश्वर, काठमाडौं।

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई, (भवन), बबरमहल, काठमाडौं।

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई, (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार), ज्वागल, ललितपुर।

फोन : ०१-४२११२०१ फ्याक्स नं. ०१-४२११२०१ वेब साइट : www.nra.gov.np